बैठक संख्याः ४१।२०८१

बैठक मितिः २०८१।१२।२० गते, समयः दिनको ३:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

आज मिति २०८१।१२।२० गते बुधवार दिनको ३:०० बजे सप्तकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जय राम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्गा | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री रण बहादुर मगर | अधिकृत छैठौं | | |

बैठक संख्याः ४१।२०८१

बैठक मितिः २०८१।१२।२० गते, समयः दिनको ३:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | लोकेश चन्द्र पैकरा | इन्जिनियर | | |
| ४ | कविता बस्नेत | लेखा अधिकृत | | |
| ५ | राम बहादुर कटुवाल | आ.ले.प. अधिकृत | | |

**प्रस्तावहरू**

१. प्रस्ताव नं. १ : १५ शैयाको आधारभूत अस्पताल निर्माणको भेरिएशन सम्बन्धमा।

२. प्रस्ताव नं. २ : provincial Economics Zone in madesh Pradesh स्थापना सम्बन्धमा।

३. प्रस्ताव नं. ३ : सहकारी दिवस मनाउन आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा।

४. प्रस्ताव नं. ४ : सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन सम्बन्धमा।

५. प्रस्ताव नं. ५ : विभिन्न समितिका प्रतिवेदन सम्बन्धमा।

६. प्रस्ताव नं. ६ : जग्गाको नापजाँच गराउने सम्बन्धमा।

७. प्रस्ताव नं. ७ : आर्थिक सहयोग सम्बन्धमा।

८. प्रस्ताव नं. ८ : दैनिक ज्यालादारीमा सरसफाईको कामकाजमा खटाउने सम्बन्धमा।

९. प्रस्ताव नं. ९ : SAVE THE SAPTARI सँगको साझेदारीमा सुरक्षित आवास निर्माण सम्बन्धमा।

**निर्णयहरू**

**निर्णय नं. १**

सप्तकोशी नगरपालिकाबाट संचालन भएको Construction of 15 bedded Primary Hospital Building Ward No.5 at Saptakoshi Municipality Contract id No.NCB/SM//HB/15 BED/01/2078/079 योजना निर्माणको चरणमा BOQ ITEMS मा भएको Quantity मा Variation गरी थपघट गर्दा र BOQ Items मा नभएको New Items को कार्यहरू निर्माण गर्न पहिल्यै गरिएको QUANTITY VARIATION र रकम VARIATION लाई अनुमोदन/स्वीकृतिको लागि र प्राविधिक मूल्याङ्कन बमोजिमको भुक्तानी बाँकी रकम नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौंबाट निकासा प्राप्त बजेटबाट सम्बन्धित निर्माण व्यवसायी लामा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. लाई भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिन चौधौं नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।



Scanned with CamScanner

बैठक संख्याः ४१।२०८१

बैठक मितिः २०८१।१२।२० गते, समयः दिनको ३:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

निर्णय नं. २

जिल्ला समन्वय समितिको कार्यालय, सप्तरी, राजविराजको च.नं.२६० मिति २०८१।१२।१७ को पत्रसाथ संलग्न उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, जनकपुरधाम, नेपालको च.नं.६३१ मिति २०८१।१२।१३ को Preparation of feasibility study and (DPR) of provincial Economics Zone in madesh Pradesh विषय बैठक समक्ष जानकारी भयो । उक्त सम्बन्धमा सबै वडाहरूबाट सम्भावित जग्गाहरूको खोजी गरी नगर कार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो।

निर्णय नं. ३

सप्तकोशी नगरपालिका वडा नं.१ स्थित सहकारी समन्वय समिति, फत्तेपुर, सप्तकोशीले विविध कार्यक्रम गरी सहकारी दिवस मनाउन आर्थिक सहयोग उपलब्ध गराई दिन अनुरोध भई आएकोले चालु आ.व. २०८१।०८२ मा विभिन्न दिवस तथा अभियान शीर्षकमा विनियोजित बजेट मध्येबाट रु. २५,०००।- आर्थिक सहयोग उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

सप्तकोशी नगरपालिकाको लागि चालु आ.व.२०८१।०८२ मा संघीय सशर्त अनुदान तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना अन्तर्गत सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन (४० दिने कार्यस्थलमा आधारित सीप तालिम र १० दिने जीवन उपयोगी तालिम) को लागि बजेट रु. ९,००,०००।- प्राप्त भएकोमा उक्त तालिम सञ्चालनको लागि दरभाउपत्र पेश गर्न सूचना आह्वान गरिएकोमा तोकिएको समय भित्र १० वटा प्रस्तावदाताहरूबाट दरभाउपत्र पेश भई मूल्याङ्कन समितिको मिति २०८१।११।२७ गतेको सिफारिस बमोजिम ईनरुवा ईन्टरनेशनल पोलिटेक्निकल ईन्स्टिच्यूट प्रा.लि., ईनरुवा-१, सुनसरीले कबोल गरेको अङ्क रु. ३,२७,७००।- (मू.अ.कर सहित) न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई उक्त संस्थालाई संम्झौताको लागि मिति २०८१।१२।६ गते पत्राचार गरेकोमा हालसम्म पनि उक्त संस्था सम्झौताको लागि उपस्थित नभएकोले मूल्याङ्कन समितिको सिफारिस बमोजिम दरभाउपत्र पेश गर्ने मध्ये दोश्रो न्यूनतम मूल्याङ्कित कबोल अङ्क रु. ४,७०,३७३।८० पैसा (मू.अ.कर सहित) पेश गर्ने प्रस्तावदाता पोखराभ्याली टेक्निकल ईन्टिच्यूट, पोखरा उप-महानगरपालिका-११, कास्कीसँग सम्झौता गरी उक्त सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन गर्ने र ईनरुवा ईन्टरनेशनल पोलिटेक्निकल ईन्स्टिच्यूट प्रा.लि., ईनरुवा-१ सुनसरीलाई सप्तकोशी नगरपालिकाको अभिलेखमा कालो सूचीमा अभिलेख राख्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

बैठक संख्याः ४१।२०८१

बैठक मितिः २०८१।१२।२० गते, समयः दिनको ३:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ५**

ससकोशी नगरपालिकाको न्यायिक समिति, लेखा समिति, विधायन समिति र सुशासन तथा संस्थागत विकास समितिबाट प्राप्त हुने प्रतिवेदनहरू चौधौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

ससकोशी नगरपालिका भित्र वसोवास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी परिवारहरूको जग्गा नापजाँच र लालपूर्जा वितरण प्रयोजनको लागि भूमि समस्या समाधान आयोग, जिल्ला समिति ससरी मार्फत खटिई आएका ३ जना अमिनहरूलाई ससकोशी नगरपालिका, वडा नं. २ देखि क्रमश अगाडीका वडाहरूमा नापजाँचको कार्य शुरु गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

ससकोशी नगरपालिका अन्तर्गतका विभिन्न व्यक्ति/संस्थाहरूबाट सम्बन्धित वडाको सिफारिससाथ आर्थिक सहायता उपलब्ध गराई दिन अनुरोध भई आएकोले निम्न बमोजिमका व्यक्ति एवं संस्थालाई चालु आ.व. २०८१।०८२ मा आर्थिक सहायता शीर्षकमा विनियोजित बजेट मध्येबाट देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

**देहायः**

| क्र.स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर/ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्थाको सिफारिस/निवेदन पत्रको च.नं. र मिति | आर्थिक सहायता रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री जिवन आचार्य, स.न.पा., वडा नं. ५ | आगलागीबाट क्षति भएको राहत | २६०/२०८१।१२।१३ | २५०००।- | |
| २ | ४ नं. वडाको का.स. श्री संजय कठायत | देब्रे खुट्टाको हड्डी भाँचिएको उपचार सहायता | २०८१।१२।७ | १०००० | थप आर्थिक सहायता |

बैठक संख्याः ४१।२०८१

बैठक मितिः २०८१।१२।२० गते, समयः दिनको ३:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

<u>निर्णय नं. ८</u>

सप्तकोशी नगरपालिकाका, ४ नं. वडा कार्यालयको च.नं.३१४ मिति २०८१।११।४ गतेको पत्रबाट वडा कार्यालय, सार्वजनिक शौचालय लगायत हाटवजारको सरसफाई गर्ने कार्यमा साविकमा अयोधि डुमलाई खटाईएकोमा निज शारीरिक रुपमा असक्त भई कामकाज गर्न नसक्ने भएकोले अयोधि डुमको सट्टामा निजको छोरा सुरेश मरिकलाई कामकाजमा खटाई दिन अनुरोध भई आएकोले सोही बमोजिम सुरेश मरिकलाई दैनिक ज्यालादारीमा सरसफाईको कामकाजमा खटाउने निर्णय गरियो ।

<u>निर्णय नं. ९</u>

चालु आ.व. २०८१।०८२ मा सप्तकोशी नगरपालिकाका भूमिहीन दलित/जनजाति र अति विपन्न परिवारहरूको लागि सुरक्षित भूमि र सुरक्षित आवास निर्माण गर्ने उदेश्यले सप्तकोशी नगरपालिका र SAVE THE SAPTARI, RAJBIRAJ तथा सम्बन्धित घरधनीको (श्रम सहभागिता) लागत साझेदारीमा सप्तकोशी नगरपालिकाको सुरक्षित आवास परियोजना सञ्चालन गर्न बाँकी रहेका वडा नं. १, ५, ६, ८ लगायतका वडाहरूमा आवश्यकता र जग्गाको उपलब्धता समेतको आधारमा सुरक्षित आवास परियोजना निर्माण/सञ्चालन गर्ने निर्णय गरियो।



Scanned with CamScanner